दुप्चेश्वर गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ७ संख्या ०४ श्रावण २५, २०८० साल

## भाग-२

**दुप्चेश्वर गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**समुन्द्रटार, नुवाकोट**

बागमती प्रदेश, नेपाल

# दुप्चेश्वर गाउँपालिकाको पाईप वितरण कार्यविधि, २०८०

# दुप्चेश्वर गाउँपालिकाको पाईप वितरण कार्यविधि, २०८०

## प्रस्तावनाः

दुप्चेश्वर गाउँपालिकाको स्वीकृत बजेट अनुसार अति आवश्यक ठाउँमा पाईप वितरण गर्ने सम्बन्धमा गाउँकार्यपालिकाको मिति २०८०/०४/२५ को निर्णयानुसार निम्न कार्यविधि बनाएको छ ।

१. यो कार्यविधिको नाम " **दुप्चेश्वर गाउँपालिकाको पाईप वितरण कार्यविधि, २०८०**" रहेको छ । यो कार्यबिधी तुरुन्त प्रारम्भ हुनेछ ।

२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

क) "उपभोक्ता समिति" भन्नाले तारजाली तथा पाईप खरिद गर्न बनाईएको लाभग्राहीहरु सम्मिलित उपभोक्ता समिति सम्झनुपर्दछ ।

ख)"प्राविधिक" भन्नाले गाउँपालिकाको ईन्जिनियर, सव-ईन्जिनियर र असिस्टेन्ट सव. ईन्जिनियर सम्झनुपर्दछ ।

ग) "ईस्टिमेट" भन्नाले प्राविधिकले नापजाँच गरी तयार गरेको लागत अनुमान सम्झनुपर्दछ ।

घ) "अध्यक्ष" भन्नाले गाउँ कार्यपालिकाको अध्यक्ष सम्झनुपर्दछ ।

ङ) "कार्यालय" भन्नाले गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्दछ ।

च) "सप्लायर्स" भन्नाले गाउँपालिकाको तारजाली र पाईप सप्लाई गर्न तोकेको सप्लायर्स सम्झनु पर्दछ ।

३. **उपभोक्ता समिति गठन गरी माग गर्नुपर्ने:**

पाईप आवश्यक परेको ठाउँमा स्थानिय सरोकारवालाको रोहवरमा, लाभग्राहीहरु सम्मिलित उपभोक्ता समिति गठन गरी माग गर्नुपर्नेछ ।

४. **प्राविधिकबाट ईस्टिमेट गराउनु पर्ने:**

उक्त समितिको मागअनुसार सम्बन्धीत वडा प्राविधिकबाट ईस्टिमेट तयार गराई पेश गर्नुपर्नेछ ।

५. **निवेदन दिनुपर्ने :**

प्राविधिक ईस्टिमेट सहित उपभोक्ता समितिले गाउँपालिकाको कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ । उक्त निवेदनसाथ उपभोक्ता समितिको पाईप माग सम्बन्धि निर्णय, कुन प्रयोजनका लागी पाईप आवश्यक हो सो खुल्ने विवरण तथा कार्यालयले तोकेका आवश्यक अनुसारका विवरण सहित पेश गर्नुपर्नेछ ।

६. **अध्यक्षको तोकादेशअनुसार हुने :**

निवेदन उपर कारवाही गरी अध्यक्ष ज्यूको निर्णयअनुसार प्राविधिक प्रतिवेदनको आधार भन्दा नबढ्ने गरी पाईप लागि आदेश हुनेछ ।

७. **हस्तान्तरण फारम भर्नुपर्ने:**

उपभोक्ता समितिको अध्यक्षलाई पाईप हस्तान्तरण फारम भरी कार्यालयको पत्र सहित सप्लायर्समा पठाईने छ।

**८. ढुवानी तथा तोकीएको सञ्चालन खर्च उपभोक्ताको हुने:**

तार जाली तथा पाईप खरिद स्थलबाट सम्बन्धित स्थानमा पुर्याउदा लाग्ने ढुवानी खर्च तथा पाईपलाईन खन्ने, पुर्ने र त्यसमा प्रयोग हुने अन्य सामाग्रीहरु उपभोक्ताको योगदानमा खर्च गर्नुपर्नेछ । यस सम्बन्धमा कार्यालयमा भुक्तानी माग दावी गर्न सकिने छैन ।

**९. विल अनुसार भुक्तानी दिईने :**

सप्लायर्सले कार्यालयको पत्र आधारमा तारजाली तथा पाईप दिई उक्त विल अनुसारको भुक्तानी गर्न गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ ।

**१०. उपभोक्ता समितिले प्रतिवेदन पेश गर्नुपर्ने :**

उपभोक्ता समितिले तार जाली प्रयोग गरी काम सम्पन्न सम्बन्धमा सोको जानकारी कार्यालयमा दिनुपर्नेछ । यदि माग अनुसारको काममा तार जाली तथा पाईप प्रयोग नगरी अन्यत्र प्रयोग गरेमा, बेचेमा वा आवश्यकता अनुसार सार्वजनिक काममा प्रयोग नगरी गलत काममा प्रयोग गरेको पाईएमा कार्यालयले उक्त सामग्री जफत गरी अन्यत्र प्रयोग गर्नेछ ।साथै उक्त कार्यमा सँलग्न सम्पुर्ण व्यक्तिहरुलाई गाउँपालिकाबाट प्रदान गरिने अन्य सेवाबाट रोक लगाईने छ ।

**११. पाईप वितरण तथा तारजाली वितरणमा देहायका आधारलाई प्राथमिकता दिनु पर्नेछः**

क) विपन्न, दलित, अपाङ्गता भएका व्यक्ति तथा परिवार, सुकुम्बासी परिवार तथा पिछ्डिडीएका वर्गलाई प्राथिमिकता दिईनेछ ।

ख) दैवि प्रकोप तथा विपदबाट प्रभावित व्यक्ति तथा संध सस्थालाई पुन: निर्माणको लागि,

ग) निर्माणधिन संघ संस्थालाई वजेट अपुग भई पाइपको आवश्यकता भएमा ।

**१२. तारजाली, पोलहरु, त्रिपाल, बिपद रोकथाम जन्य सामाग्रीहरु**

बजेटको व्यवस्था मार्फत गाउँपालिकाद्वारा वितरण गरिने तारजाली, पोलहरु, त्रिपाल, बिपद रोकथाम जन्य सामाग्रीहरु समेत यसै कार्यविधीको मर्म अनुरुप वितरण गर्न सकिने छ ।

**१३. विविध**

यो कार्यविधी कार्यान्वयन गर्ने क्रममा थप व्याख्या वा व्यवस्था गर्नु परेमा यस कार्यविधी तथा प्रचलित कानुनसँग नवाझिने गरी गाउँपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

**आज्ञाले**
**दिपेश रिजाल**
**प्रमुख प्रशासकीय अधिकृत**

" दुप्चेश्वर गाउँपालिकाको पाईप वितरण कार्यविधि, २०८०" भाग २ खण्ड ७ संख्या ४ मिति २०८०/०४/२५